प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## सामुदायिक अस्पतालबाट निस्कने फोहोर व्यवस्थापनमा सहयोग गर्न दिइने अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/१०/१६

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा सामुदायिक अस्पतालबाट निस्कने फोहोर व्यवस्थापनमा सहयोग गर्न अनुदान दिने कार्यक्रम रहेकाले अनुदानको प्रक्रियामा सहभागी हुन इच्छुक गण्डकी प्रदेशभित्रका सरकारी र सामुदायिक अस्पतालहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा प्रस्तावसहित देहायअनुसारको कागजातहरु सहित निवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरू:

१. कार्यविधिमा तोकिएको ढाँचामा रितपूर्वक भरेको प्रस्ताव ।
२. भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक भएमा जग्गा सुनिश्चित भएको पत्र तथा अन्य कागजातहरू ।
३. भौतिक पूर्वाधार निर्माणका लागि प्राविधिक डिजाइन र लागत अनुमान ।
४. अस्पतालबाट उपलब्ध हुने सेवाहरूको विस्तृत विवरण ।
५. चालू आ.व. मा यसै किसिमको कार्यक्रमका लागि अन्य स्रोतबाट अनुदान प्राप्त नभएको जानकारी पत्र ।
६. योजना कार्यान्वयनको प्रतिबद्धता पत्र ।
७. कार्यविधि र प्रस्तावमा उल्लेख गरिएका आवश्यक अन्य कागजात तथा विवरणहरू ।

**पुनश्चः** थप जानकारीका लागि "सामुदायिक अस्पतालबाट निस्कने फोहोर व्यवस्थापनमा सहयोग गर्ने सम्बन्धी कार्यविधि, २०७५" यस मन्त्रालयको वेभसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्कः**

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा
इमेलः ministrysocialdevpkr@gmail.com
Website: www.mosd.gandaki.gov.np
फोन नं: ०६१-४६७८२७, ०६१-४६७९१४